# रा.वा.बैंक लि को तपसिलबमोजिमका शाखा कार्यालयका लागि आवश्यक आन्तरिक संरचना निर्माण कार्य तथा नेटवर्किङ कार्यको सिलबन्दी बोलपत्र आह्वानको सूचना

**(प्रथमपटक प्रकाशित मिति : २०७४।०१।०८)**

यस बैंकको तपसिलबमोजिमका शाखा कार्यालयहरूका **भाडामा लिइएका भवनहरुमा आवश्यक आन्तरिक संरचना निर्माण कार्य तथा नेटवर्किङ** कार्य गर्नुपर्ने भएकोले निम्न सर्तहरूको अधीनमा रही यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३१औं दिनको १२:०० बजेभित्र यस विभागमा आइपुग्ने गरी इच्छुक योग्य एवं सम्बन्धित काममा अनुभव प्राप्त रजिस्टर्ड ठेकदारी कम्पनी/फर्मबाट रीतपूर्वकको सिलबन्दी बोलपत्र यस बैंकमा दाखिला गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

## (क) निर्माण कार्यसम्बन्धि संक्षिप्त विवरण:

| क्र.सं | बोलपत्र नं | कार्य विवरण | अनुमानित लागत (मु.अ.कर समेत) | बोलपत्र दस्तुर (फिर्ता नहुने) | धरौटी रकम | कार्यावधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | RBB MW 05-073/074 | शाखा कार्यालय दमकको आन्तरिक संरचना निर्माण कार्य एवं नेटवर्किङ कार्य | २४,००,१०२।४२ (अक्षेरुपी चौबीस लाख एक सय दुई रूपियाँ र पैसा बयालिस मात्र) | १०००।०० (एक हजार मात्र) | ५% (पाँच प्रतिशत) | ४५ दिन मात्र। | |
| २ | RBB MW 06-073/074 | शाखा कार्यालय कावासोती नवलपरासीको आन्तरिक संरचना निर्माण कार्य एवं नेटवर्किङ कार्य | ३१,८७,३३३।२४ (अक्षेरुपी एकतिस लाख सतासी हजार तीन सय तेत्तीस रूपियाँ र पैसा चौबीस मात्र) | १०००।०० (एक हजार मात्र) | ५% (पाँच प्रतिशत) | ६० दिन मात्र। | |
| ३ | RBB MW 07-073/074 | पुनः स्थापना हुने शाखा कार्यालय बयरबन मोरङको आन्तरिक संरचना निर्माण कार्य एवं नेटवर्किङ कार्य | ११,५६,२८१।४८ (अक्षेरुपी एघार लाख छपन्न हजार दुई सय एकासी रुपियाँ र पैसा अठ्ठचालिस मात्र) | १०००।०० (एक हजार मात्र) | ५% (पाँच प्रतिशत) | ४५ दिन मात्र। | |
| ४ | RBB MW 08-073/074 | शाखा कार्यालय सुर्खेतको आन्तरिक संरचना निर्माण कार्य एवं नेटवर्किङ कार्य | ४४,०४,२९८।८१ (अक्षेरुपी चौवालिस लाख चार हजार दुई सय अन्ठानब्बे रूपियाँ र पैसा एकासी मात्र) | १०००।०० (एक हजार मात्र) | ५% (पाँच प्रतिशत) | ९० दिन मात्र। | |

**बोलपत्रका सर्तहरु :**

१) यस बैंकका कुनै पनि शाखा कार्यालयस्थित बैंकको आम्दानी अन्य (९५९९०२०००) हिसावमा बोलपत्र दस्तुरबापत फिर्ता नहुने गरी रू.१,०००।०० (अक्षरुपी एक हजार मात्र) जम्मा गरी सोको सक्कल अर्धकट्टी भौचर यस कार्यालयमा पेस गरी यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३०औं दिनको कार्यालय समयभित्र बोलपत्र फाराम खरिद गरी ३१औं दिनका दिन १२ बजेभित्र बोलपत्र दाखिला गरिसक्नु पर्नेछ र सोहि दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। तर निजहरूको अनुपस्थितिमा समेत बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

२) बोलपत्र दर्ता गर्ने वा खोल्ने अन्तिम दिन बिदा परेमा सोको लगतै कार्यालय खुलेको दिन उपरोक्तबमोजिमको समयमा नै बोलपत्र दर्ता एवं खोल्ने कार्य हुनेछ। म्याद नाघी वा रीत नपुगी दाखिला भएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।

३) बोलपत्र कागजातका साथ नवीकरण गरिएको कम्पनी / फर्म दर्ता प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता (VAT) प्रमाणपत्र तथा स्थायी लेखा दर्ता नम्बर (प्यान) प्रमाणपत्र एवम् आ.व. २०७२/०७३ को कर चुक्ता प्रमाणपत्र वा म्याद थप गरिएको पत्र नोटरी पब्लिकबाट प्रमाणित गरिएको प्रतिलिपि पेस गर्नुपर्नेछ। कम्पनी (प्रा.लि./लि) को हकमा प्रवन्धपत्र, नियमावली, अध्यावधिक गरेको शेयर दर्ता किताबको स्रेस्ता, प्रोप्राइटार साझेदार, सञ्चालकहरूको नागरिकताको प्रमाणपत्र नोटरी पब्लिकबाट प्रमाणित गरिएको प्रतिलिपि बोलपत्रसाथ पेस गर्नु पर्नेछ। यसका साथै बोलपत्रदाताका खरिद कारबाहीमा अयोग्य नभएको, स्वार्थ नबाझिएको र पेशा वा व्यवसायसम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखितरूपमा स्वयम् घोषणा गरिएको पत्र, फर्मको विगत वर्षको कार्य अनुभवको विवरण तथा आ.व २०७२/०७३ वर्षको खुल्ने Audit Report समेत पेस गर्नु पर्नेछ।

४) कम्पनीको हकमा बोलपत्रमा भागलिने निर्णय तथा सो सम्बन्धी सम्पूर्ण काम कारवाही गर्ने व्यक्तिलाई अख्तियारी प्रदान गरिएको व्यहोराको सञ्चालक समितिको र साझेदारी फर्मको हकमा साझेदार बीचको निर्णय अनिवार्यरूपमा बोलपत्रकासाथ पेस गर्नुपर्नेछ। साथै बोलपत्रको सम्पूर्ण कागजातमा प्रोप्राइटर वा अख्तियार प्राप्त व्यक्तिको दस्तखतका साथै फर्म वा कम्पनीको छाप लगाएको हुनुपर्नेछ।

५) बोलपत्र पेस गर्दा धरौटीबापत बोलपत्रमा कबुल गरेको रकमको ५ प्रतिशतले हुने रकम सुरक्षित धरौटी अर्नेष्टमनी शीर्षकको हिसाब नं. ९१६१२०००० मा यस बैंकको कुनै एक शाखामा जम्मा गरेको अर्धकट्टी सक्कल भौचर वा सो बराबरको रकमको यस बैंक बाहेक अन्य "क" श्रेणीको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको कम्तीमा १२० दिन अवधिको बोलपत्र जमानत (बैंक ग्यारेन्टी) अनिवार्य रूपमा पेस गर्नु पर्नेछ। बोलपत्रको मान्य अवधी बोलपत्र पेस गर्ने अन्तिम मितिबाट गणना हुने गरी ९० दिनको हुनेछ।

६) बोलपत्र अंक र अक्षरमा स्पष्ट लेखिएको हुनुपर्नेछ। केरमेट भएको हुनु हुँदैन। कथमकदाचित अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। कुनै सर्त राखेको वा एकाई दररेटसम्बन्धी अधुरो रहेको बोलपत्र स्वतः रद्द हुनेछ।

७) घटी वा बढी रकमको बोलपत्र स्वीकृत/अस्वीकृत गर्ने वा आंशिकरूपमा स्वीकृत गर्ने आदि सम्पूर्ण अधिकार यस बैंकमा नै सुरक्षित रहनेछ।

८) बोलपत्र स्वीकृत भएपछि सम्झौता गर्नु अगाडि बोलपत्रदाताले आफूले कबोल गरेको अंकको १० प्रतिशत बराबरको नगद धरौटी खातामा जम्मा गरेको अर्धकट्टी भौचर वा सो बराबरको मान्यता प्राप्त "क" श्रेणीको वाणिज्य बैंक (यसबाहेक) बाट जारी भएको सम्पादन जमानत (परफरमेन्स बण्ड) पेस गरिसकेपछि मात्र सम्झौता गरी कार्यादेश दिइनेछ।

९) नेपाल सरकारको नियमानुसार लाग्ने कर र रिटेन्सन मनी (रा.वा. बैंक लि. आर्थिक प्रशासन विनियमावली २०६८ अनुरूप - १०%) तथा अन्य प्रचलित करसमेत भुक्तान हुने बिलबाट कटाई बाँकी रकम भुक्तानी दिइनेछ र कर बापतको रकम राजश्व खातामा जम्मा गरिनेछ।

१०) यो सूचनामा छुट हुन गएका अन्य सर्त एवं विषयहरू बोलपत्र कागजातमा उल्लेख भएअनुसार वा खरिद ऐन २०६३ तथा यस बैङ्कको आर्थिक प्रशासन विनियमावली २०६८ अनुरूप हुनेछ। र, थप जानकारीका लागि कार्यालय खुलेको दिन कार्यालय समयभित्र यस विभाग र सम्बन्धित शाखा तथा क्षेत्रीय कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ।

११) प्रत्येक शाखा कार्यालयको लागि छुट्टाछुट्टै बोलपत्र खरिद गरी छुट्टाछुट्टै बुझाउनुपर्नेछ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD

**राष्ट्रिय वाणिज्य बैंक लि.**
**केन्द्रीय कार्यालय**
**सम्पत्ति व्यवस्थापन विभाग**